# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
## Kaski, Nepal

चलानी नं.:/Ref. No.

## स्नातकतह छात्रवृत्ति छनोट परीक्षाको योग्यताकम(Merit List) प्रकाशन गरिएको सम्बन्धि सूचना !

पोखरा विश्वविद्यालय छात्रवृत्ति छनोट समिति, २०७६ बाट मिति २०७६।०५।२३ र २४ गते लिइएको स्वास्थ्य विज्ञान संकाय, विज्ञान तथा प्रविधि संकाय समूह क, ख, व्यवस्थापन संकाय र मानविकि तथा सामाजिकशास्त्र संकाय अन्तर्गतका विभिन्न कार्यक्रमहरुको छात्रवृत्ति छनौट प्रवेश परीक्षाको संलग्न योग्यताक्रम सूचि पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५ को नियम (१२), १३ को (१)(२)(३) अनुसार प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

छात्रवृत्ति छनोट प्रवेश परीक्षाको योग्यताक्रम नतिजा प्रकाशित गर्दा छुट्टाछुट्टै संकायहरुको योग्यताक्रमको सूचि, निजी तथा संस्थागत शैक्षिक संस्थाहरुको सूची, खुला र आरक्षणको सूचि साथै छुट्टाछुट्टै संकायहरुका शैक्षिक संस्थाहरुका नाम, शैक्षिक संस्थाहरुमा संचालन भएका कार्यक्रमहरुको नाम र उक्त कार्यक्रमको लागि छुटाएको छात्रवृत्ति कोटाको विवरण समेत प्रकाशित गरिएको छ र यसको जानकारी विश्वविद्यालयको वेभसाइड www.pu.edu.np र सूचना पाटीमा पनि टाँस भएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**यस सम्बन्धमा निम्न विषयहरु स्पष्ट पारिएको छ :**

क) यदी कसैलाई प्रकाशित योग्यताकम सूची उपर चित्त नबुझेमा वा अस्पष्ट लागेमा सो सम्बन्धमा यहि *मिति २०७६।०५।३१ गते* मंगलवार कार्यालय समय भित्र सम्बन्धित विद्यार्थी आफै उपस्थित भइ पो वि छात्रवृत्ती शाखामा निवेदन दिन वा दाविविरोध गर्न सकिनेछ ।

ख) आज प्रकाशित भएको योग्यताक्रम सूचिमा समावेश भएका **तर निजि तथा संस्थागत विद्यालयबाट एसइइ वा एसएलसी उत्तिर्ण गरेका बाहेक** सबै उम्मेदवारहरुले स्वयं उपस्थित भइ पो.वि.छात्रवृत्ति नियमावली, २०६५ को नियम १३(१) मा उल्लेख गरिएको **अनुसूचि-(२)** सँग सम्बन्धित फाराममा *अध्ययन गर्न चाहेको शैक्षिक कार्यकम, छात्रवृत्तीको किसिम र कलेजको नाम* भरी मिति २०७६।०५।३० देखि २०७६।०६।०९ गते कार्यालय समय सम्ममा छात्रवृत्ती शाखामा आफ्नो निवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ। उक्त अवधिभित्र अनुसुची २ भरि नबुझाएमा नियमानुसार प्रकृया अगाडी बढाइने छ।

ग) केही विद्यार्थीहरुले कक्षा ११ र १२ को ट्रान्सकृप्ट पेश गर्न बाँकी रहेकाले प्रकाशित नतिजामा बराबर अंक प्राप्त गर्ने विद्यार्थीका हकमा योग्यताकम छुट्टयाइएको छैन । तसर्थ यो योग्यताक्रम *अन्तिम योग्यताक्रम(Final Merit List) होइन* र बराबर अंक प्राप्त गरेका विद्यार्थीका हक्मा पो वि को नियमानुसार उनिहरुको कक्षा ११, १२ को सिजिपिएका आधारमा पछि निर्धारण गरि अन्तिम योग्यताकम सूची(Final Merit List) प्रकाशित गरिनेछ । अन्तिम योग्यताकम सूची(Final Merit List) का आधारमा विद्यार्थीहरुलाई छनोट गरि कलेजहरुमा पठाइने छ ।

घ) कक्षा १२ को ग्रेडसिटको आधारमा *(कम्प्यूटर प्रिन्ट भएको ग्रेडसिट वा मार्कसीटका आधारमा)* छात्रवृत्ति छनौट प्रवेश परिक्षामा सम्मिलित भइ परीक्षा दिएका र आज प्रकाशित योग्यताक्रम सूचिमा समावेश भएका ***निजि तथा संस्थागत विद्यालयबाट एसइइ वा एसएलसी उत्तिर्ण गरेका बाहेक*** सबैले सम्बन्धित परिक्षा बोर्डले उपलब्ध गराएको *ट्रान्स्क्रिप्ट* र स्कूलले उपलब्ध गराएको *चारित्रिक प्रमाणपत्र* अनिवार्यरुपमा मिति २०७६।०६।०९ गते कार्यालय समयसम्ममा आफैं उपस्थित भइ पो वि छात्रवृत्ति शाखामा बुझाउनु हुन जानकारी गराइन्छ । उक्त कागजातहरु बुझाउदा आफ्नो *रोल नं. र फोन नं.* अनिवार्यरुपमा लेख्नु पर्नेछ। उक्त अवधिभित्र उल्लेखित कागजात पेश नगरेमा नियमानुसार प्रकृया अगाडी बढाइने छ।

........................
प्रा. हरि बहादुर खड्का
डीन, व्यवस्थापन संकाय एवं
संयोजक
पो.वि.छात्रवृत्ति छनोट समिति, २०७६
मिति २०७६।०५।२७

P.O. Box: 427, Pokhara Lekhnath Metropolitan City 30, Lekhnath, Kaski, Nepal, E-mail:info@pu.edu.np